# चन्द्रागिरि नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

बलम्बु, काठमाडौं

बागमती प्रदेश, नेपाल

फोन नं. ०१-४३१५७६६


प.सं.: २०८०/०८१

च.नं.: —

मिति: २०८०।०६।०२

**प्रस्ताव पेश गर्ने बारेको सार्वजनिक सूचना। (प्रथम पटक प्रकाशित मिति २०८०।०६।०२ गते)**

चन्द्रागिरि नगरपालिकाको आ.व. २०८०।०८१ को लागि स्वीकृत बजेटबाट **चन्द्रागिरि नगरपालिका सवारी तथा यातायात व्यवस्थापन गर्न बनेको कार्यविधि, २०७९** बमोजिम तपसिलका रुटहरुमा नगद अनुदान सहुलियत दिई थप सुविधा सहित सार्वजनिक यातायात सञ्चालन गर्नु पर्ने भएको हुँदा यस चन्द्रागिरि नगरपालिकाको कार्य क्षेत्रभित्र सार्वजनिक यातायात सञ्चालन गरिरहनु भएका संस्था वा कम्पनीहरुले तपसिलका शर्तहरु पालन गर्ने गरी उक्त कार्य के कति रकममा सञ्चालन गर्न सक्ने हो कार्यविधिको अनुसूची १ मा उल्लेखित ढाँचामा आवश्यक कागजात सहित २०८० असोज १६ गते कार्यालय समयभित्र यस कार्यालयबाट तयार गरिएको शिलबन्दी दरभाउपत्र फारम खरिद गरी लाहाछाप सहित तोकिएको समयभित्र प्रस्ताव पेश गर्नुहुन सम्वन्धित सरोकारवाला सबैको लागि यो सूचना प्रकाशित गरिएको छ।

**सार्वजनिक यातायात सञ्चालन गर्नु पर्ने स्थानहरुः (नगरले तोकेको गन्तव्य)**

१. वडा नं. १ को सुरुङ मार्ग, पञ्चकन्या, ईन्द्रदह, स्वीजरल्याण्ड पार्क, कंकाली मा.वि., रत्नपार्क हुदै सोहि रुट।
२. वडा नं. ४ को गोदामचोक (प्राथमिक अस्पताल थानकोट), केवलकार रत्नपार्क हुदै सोहि रुट।
३. वडा नं. ८ को भकुण्डे चउर, बैकुण्ठ धाम, मातातिर्थ कुण्डको बसपार्क, रत्नपार्क हुदै सोहि रुट।
४. वडा नं. ९ को बोहरा चौतारा, चुनदेवी, मच्छेगाउँ,टौखेल, नयाँ बस्ती, तीनथाना, रत्नपार्क तथा बोहरा चौतारा, खुशीखुशी चोक, बोसिंगाउँ, रत्नपार्क हुदै सोहि रुट।
५. वडा नं. १३ को किटिनी भञ्ज्याङ, फुटवल ग्राउण्ड, वडा कार्यालय, खड्का गाउँ, रत्नपार्क हुदै सोहि रुट।

**शर्तहरुः**

१. नगरपालिकाले तोकेको गन्तव्य रुटमा कम्तीमा ४ वटा वस सञ्चालन गरेको हुनुपर्ने छ।
२. प्रत्येक दिन विहान ५.०० बजे नगरको गन्तव्यबाट छुटि बेलुकी रत्नपार्कबाट हिउँदमा (मंसिर १ देखि माघ १५ गतेसम्म ८ बजे) अन्य महिनाहरुमा साँझ ९.०० छुट्नु पर्नेछ।
३. यात्रीसँग भाडा नेपाल सरकारले तोकेको दर भन्दा बढी लिन पाईने छैन।
४. प्रस्ताव पेश गर्ने संस्था वा कम्पनीहरुले कुन गन्तव्यको लागि प्रस्ताव पेश गरेको हो,खामको बाहिर स्पष्ट रुपमा लेखि पेश गर्नु पर्ने छ भने एक भन्दा बढी गन्तव्यका लागि प्रस्ताव पेश गर्दा छुट्टा छुट्टै खाममा प्रस्ताव पेश गर्नु पर्ने छ।
५. अनुदान सहुलियत रकम एउटा गन्तव्यका लागि वढीमा वार्षिक रु. ५,००,०००। पाँच लाख सम्म मात्र हुनेछ भने सवैभन्दा कम रकम कबोल गर्नेको प्रस्ताव स्वीकृत गरिने छ।

६. सहुलियत दिने/नदिने, कस्लाई दिने र कति दिने भन्ने अन्तिम निर्णय गर्ने अधिकार नगरपालिकामा निहित हुनेछ ।

७. प्रस्ताब सम्बन्धी कागजात मिति २०८०।०६।१६ गते सम्म कार्यालय समय भित्र रितपूर्वकको निवेदन सहित यस कार्यालयको राजश्व शाखाबाट रु. १०००। (अक्षरुपी एक हजार मात्र)(पछि फिर्ता नहुने) तिरी खरिद गर्न सकिने छ ।

८. प्रस्ताब पेश गर्ने अन्तिम मिति २०८०।०६।१७ गते दिनको १२ बजेभित्र पेश गरिसक्नुपर्नेछ र पेश भएका प्रस्ताबहरु सोही दिनको १.०० बजे नगरपालिका कार्यालयमा खोलिने छ । उक्त दिन बिदा परेमा सो को भोली पल्ट खोलिने छ प्रस्ताव खोल्ने समयमा प्रस्तावदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि प्रस्ताव खोल्न कुनै वाधा पर्नेछैन । म्याद नाघी प्राप्त भएको वा रित नपुगेको निवेदन उपर कुनै कारवाही हुने छैन ।

९. नगरपालिकाले सञ्चालनको लागि आवश्यक नठानेमा जुनसुकै समयमा प्रस्तावहरु रद्ध गर्न सक्नेछ ।

१०. अन्य शर्तहरु कार्यविधि र प्रस्ताव फाराममा तोकिए बमोजिम हुने छ ।

**आवश्यक कागजातहरु**

१. व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपि ।
२. प्यान/भ्याट दर्ता प्रमाण पत्रको प्रतिलिपि ।
३. आ.व.२०७९।०८० सम्मको करचुक्ता प्रमाणपत्रको प्रतिलिपि वा करचुक्ता म्याद थपको प्रतिलिपि ।
४. समितिको निणर्यको प्रतिलिपि ।
५. रुटपरमिटको प्रतिलिपि ।
६. नगरपालिकाको राजश्व शाखामा रु १०००। एक हजार तिरेको रसिद ।
७. नगरपालिकाले तोकेका अन्य कागजपत्रहरु ।

२०८०।०६।०२

राजु बहादुर खड्का

आर्थिक विकास शाखा प्रमुख